## मिति २०८२ साल पुस ९ गते बुधवार बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको ५० औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ४९ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएका कार्यप्रगतिका वारेमा समिक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो।

**निर्णय नं. २**

मन्थली नगरपालिकाको नगरसभाको १८ औं अधिवेशन (हिउदे अधिवेशन) देहायको मिति, समय र स्थानमा सञ्चालन गर्ने।

मितिः २०८२ साल पुस २५ गते, शुक्रवार।

समयः दिनको १० वजे।

स्थानः मन्थली नगरपालिकाको सभा हल।

**निर्णय नं. ३**

मन्थली नगरपालिकाको चालु आ.व. २०८२/८३ मा विनियोजित नगरस्तरीय कृषि तथा लघु उद्यमी मेला प्रदर्शनी कार्यक्रम देहायको मिति र स्थानमा सञ्चालन गर्ने।

मितिः २०८२ साल पुस २६ र २७ गते।

स्थानः मन्थली नगरपालिकाको वडा नं. १, हाटे चउर।

**निर्णय नं. ४**

कृषि, पशु, स्वास्थ्य, शिक्षा आदि विषयमा उल्लेखनीय कार्य गर्ने व्यक्ति/संस्थाको मूल्याङ्कन गरी मन्थली नगरपालिकाको नगरसभाको १८ औं अधिवेशन (हिउदे अधिवेशन) को अवसरमा प्रशंसापत्र र नगद पुरस्कार सहित पुरस्कृत गर्न सिफारिस गर्नका लागि देहाय बमोजिमको उपसमिति गठन गर्ने।

| | |
|---|---|
| (१) संयोजकः | उप प्रमुख श्री ईश्वरी बस्नेत |
| (२) सदस्यः | संयोजक, सबै कार्यपालिकाबाट गठित विषयगत समिति |
| (३) सदस्यः | सम्बन्धित शाखा प्रमुख |
| (४) सदस्य सचिवः | प्रमुख प्रशासकीय अधिकृत |

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत
२०८२/०९/११

**निर्णय नं. ५**

मन्थली नगरपालिको वडा नं. ६ मा फोहोरमैला प्रशोधन केन्द्र स्थापनाका लागि चालु आ.व.मा विनियोजिन रकमबाट बोलपत्रको प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ६**

चालु आ.व. २०८२/८३ मा जनसहभागितामा आधारित कार्यक्रम (मागमा आधारित७०/३०) कार्यान्वयनका लागि सार्वजनिक सूचना प्रकाशन मार्फत माग सङ्कलन गर्न कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ७**

पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालय बागमती प्रदेश हेटौडाबाट प्रकाशित सूचना बमोजिम एक जिल्ला एक विशेष कृषि, पशुपन्क्षी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम कार्यान्वयनका लागि मन्थली नगरपालिका वडा नं. ६ र ७ को पशुपालन अन्तर्गत गाईपालनका लागि प्रस्ताव पेश गर्ने।

**निर्णय नं. ८**

मन्थली नगरपालिकाको सार्वजनिक खरिद नियमावलीको मस्यौदा तयार गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने।

**निर्णय नं. ९**

मन्थली नगरपालिका वडा नं. १३ को मिल्ती खोलाको वगरवेशीदेखि मिल्ती खोला दोभानसम्मको मनपा क्षेत्र, तामाकोशी नदीको साँखे वगरदेखि भर्ले वगरसम्मको मनपा क्षेत्र र मनपा ६ को त्रिवेणी वगर र घडेरी वगरमा नदीजन्य पदार्थ उत्खनन र सङ्कलन गर्न गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पारित गर्ने। प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणमा नदीजन्य पदार्थको कर शुल्क सङ्कलनका लागि बढाबढको बोलपत्रको सार्वजनिक सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ९**

मन्थली नगरपालिकाका देहायका स्थानमा झोलुङ्गो पुल निर्माण गर्न पूर्वाधार विभाग पुल्चोक ललितपुरमा अनुरोध गर्ने।

| सि.नं | जिल्ला | पालिका | वडा नं | स्थान | | खोलाको नाम | झो.पुको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | बाँया किनारा | दाँया किनारा | | |
| १ | रामेछाप | मन्थली न.पा. | ७ | म.न.पा.७ | म.न.पा.७ | तामाकोशी नदी | ढिकुरी पर्यटकीय झो.पु. |

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत
२०८२/०३/११

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | रामेछाप | मन्थली न.पा. | १३ | मेलुङ्ग | फुलासी १३, बगरबेशी | मिल्तीखोला | बगरबेशी झो.पु. |
| ३ | रामेछाप | मन्थली न.पा. | ५ | म.न.पा.५ | म.न.पा.3, रालटार | रणजोर खोला | रालटार झो.पु. |
| ४ | रामेछाप | मन्थली न.पा. | १० | महादेवटार | चिसापानी | बफरखोला | भदौरे झो.पु. |
| ५ | रामेछाप | मन्थली न.पा. | ७ | म.न.पा.७ | म.न.पा.७ | गोगने खोला | गोगने खोला भिर मुनी झो.पु. |
| ६ | रामेछाप | मन्थली न.पा. | १४ | मेलुङ्ग | मनपा १४, रोताली | मिल्तीखोला | रोताली सानो मिल्ती झो.पु. |
| ७ | रामेछाप | मन्थली न.पा. | १३ | मेलुङ्ग | फुलासी १३ | मिल्तीखोला | सानो मिल्ती झो.पु. |
| ८ | रामेछाप | मन्थली न.पा. | १३ | मेलुङ्ग | फुलासी १३ | मिल्तीखोला | अमिनटार झो.पु. |
| ९ | रामेछाप | मन्थली न.पा. | ११ | म.न.पा.११ | चिसापानी | बफरखोला | जबदे झो.पु. |
| १० | रामेछाप | मन्थली न.पा. | ११ | एघारबिसे | चिसापानी | बफरखोला | बफरखोला झो.पु. |
| ११ | रामेछाप | मन्थली न.पा. | १४ | मनपा १४, बिरुवा | मनपा १४,भाङलान | खोकरखोला | भाङ्गलाङ्ग झो.पु. |
| १२ | रामेछाप | मन्थली न.पा. | १२ | काउले | म.न.पा. १० | काउलेखोला | काउलेखोला झो.पु. |
| १३ | रामेछाप | मन्थली न.पा. | ५ | म.न.पा.5 | म.न.पा.3 | रणजोर खोला | जोलेआँप झो.पु. |
| १४ | रामेछाप | मन्थली न.पा. | ७ | आसिखेत | खाँडादेबी ४ | भटौली खोला | आसिखेत झो.पु. |
| १५ | रामेछाप | मन्थली न.पा. | ८ | नेपानेखोला | चिसापानी | बफरखोला | सानीबेशी झो.पु. |
| १६ | रामेछाप | मन्थली न.पा. | १० | बसरी | पुरानागाँउ | छाँगा खोला | छाँगा खोला झो.पु. |
| 17 | रामेछाप | मन्थली न.पा. | २ | कठजोर खोला दोभान | मनपा ११ | तामाकोशी नदी | कठजोर खोला दोभान झो.पु . तामाकोशी नदी |

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत
२०८२/०३/११